# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, आषाढ २२ गते २०२७ साल

श्री ५ को सरकार

### निर्माण, सञ्चार तथा यातायात मन्त्रालय

श्री ५ को सरकारले बनाएको निम्न लेखिएबमोजिमको जग्गा प्राप्ति नियमहरू, २०२६ सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

### जग्गा प्राप्ति नियमहरू, २०२६

जग्गा प्राप्ति ऐन, २०१८ को दफा २७ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः– (१) यी नियमहरूको नाम "जग्गा प्राप्ति नियमहरू, २०२६" रहेको छ ।

(२) यी नियमहरू तुरुन्त प्रारम्भ हुनेछन् ।

२. परिभाषाः– विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यी नियमहरूमा–

"ऐन" भन्नाले जग्गा प्राप्ति ऐन, २०१८ सम्झनुपर्छ ।

३. अधिकारी तोक्नेः– (१) ऐनको दफा ८,९,१०,११,१६ र १८ को प्रयोजनको लागि, सम्बन्धित अञ्चलाधीशलाई अधिकारी तोकिएको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

952

(२) ऐनको दफा ५,६,१२,१३,१४,१५,१९,२०,२३ र २५ को प्रयोजनको लागि निम्नलिखित अध्यक्ष र सदस्य भएको समितिलाई अधिकारी तोकिएको छः–

(क) सम्बन्धित अञ्चलाधीश–– अध्यक्ष

(ख) सम्बन्धित मालको हाकिम वा भूमिप्रशासक–– सदस्य

(ग) श्री ५ को सरकारले तोकिदिएको व्यक्ति–– सदस्य

(३) उप-नियम (२) बमोजिमको समितिले ऐनको परिधिभित्र रही आफ्नो कार्यविधि व्यवस्थित गर्न सक्नेछ ।

४. क्षतिपूर्तिको अङ्क कायम गर्नेः– (१) ऐनको दफा १९ बमोजिम जग्गाको क्षतिपूर्तिको अङ्क कायम गर्दा सो जग्गा प्राप्त गर्दाको मितिमा साँध सँधियार सरह त्यस बखतको प्रचलित स्थानीय खरिद बिक्रीको दरसमेतलाई विचार गर्नुपर्छ ।

(२) ऐनको दफा १९ को अधीनमा रही श्री ५ को सरकारले समय समयमा स्थायी भवन, इमारत, पर्खाल आदिको क्षतिपूर्तिको अङ्क कायम गर्ने कुरामा एकरूपता ल्याउन पथ प्रदर्शनको निमित्त अनुसूची १ अनुसारको दर प्रकाशित गरेको छ । नेपाल राजपत्रमा सूचना प्रकाशित गरी श्री ५ को सरकारले समय समयमा उक्त अनुसूचीमा आवश्यक फेर बदल गर्न सक्नेछ वा पूरा अनुसूची नै बदल्न सक्नेछ ।

५. ह्रास (डिप्रिसिएशन) कट्टीः– नियम ४ बमोजिम क्षतिपूर्तिको अङ्क कायम गर्दा अनुसूची २ बमोजिम ह्रास (डिप्रिसिएशन) कट्टी गरिनेछ ।

६. परामर्श लिनुपर्नेः– ऐतिहासिक अथवा पूरातात्विक दृष्टिकोणबाट महत्वपूर्ण देखिएको जग्गाको हकमा ऐनबमोजिम क्षतिपूर्तिको अङ्क कायम गर्नु पर्दा श्री ५ को सरकार, शिक्षा मन्त्रालय पूरातत्व विभागको परामर्श लिनु अनिवार्य हुनेछ ।

७. खारेजीः– जग्गा प्राप्त (अधिकारी तोक्ने) नियमहरू, २०१८ खारेज गरेको छ ।

मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।